## सुन्ने कला

सेवकाईमा अगुवाको रूपमा, तपाईंको मुख्य औजाराहरू मध्ये एउटा सञ्चार हो।

जब हामी सञ्चारको बारेमा सोच्छौं, प्रायः हामी यसको बारेमा के भन्न आवश्यक छ भन्ने स्थितिबाट सोच्छौं: मैले यो कसरी भन्न आवश्यक छ, म कसरी सञ्चारमा स्पष्ट र प्रभावकारी हुन सक्छु ताकि मेरो प्रभाव हुन सकोस्। यो सत्य हो, तर सञ्चारको कुरा गर्दा सबैभन्दा महत्त्वपूर्ण औजार र खम्बाहरूमध्ये एउटा सुन्ने कला हो।

येशू उत्कृष्ट श्रोता हुनुहुन्थ्यो। उहाँले आफूसँग कुराकानी गरिरहेका मानिसहरूलाई प्रभाव पार्ने उद्देश्यका लागि प्रायः प्रश्नहरू सोध्नुहुन्थ्यो। सेवकाईमा, प्रायःजसो हामी छिटो बोल्छौं, तर प्रभावकारी रूपमा कसरी सुन्ने भनेर हामीले साँच्चै सिक्नु आवश्यक छ। र हामीले आफैलाई सोध्नु पर्ने प्रश्न के हो भने के हामी वास्तवमा मानिसहरूको कुरा कानले मात्र सुन्छौं कि उनीहरूलाई साँच्चै सुन्छौं? हितोपदेश अध्याय १९:१३ मा यस्तो लेखिएको छ, "जसले सुन्नु अघि नै जवाफ दिन्छ, त्यो त्यसको मूर्खता र शर्म हो।"

सुन्ने कलालाई हामीले परमेश्वरले दिनुभएको वरदान मान्न सक्छौं।

जब तपाईं सुन्दै हुनुहुन्छ, तपाईंले विभाजनको सम्भावनालाई हटाउँदै हुनुहुन्छ। द्वन्द्व धेरै प्रकारले उठ्न सक्छ भनेर तपाईंले आफैलाई अलगथलग गर्नुहुन्छ। तपाईं आफैलाई गलत नबुझोस् अथवा तपाईंले गलत नबुझ्नका निम्ति सक्दो कोसिस गर्नुहुन्छ। यो सबै सञ्चारमा सुरु हुन्छ। अनि यसको महत्त्व तपाईं के भन्नुहुन्छ भन्नेमा होइन,तर तपाईं कसरी सुन्दै हुनुहुन्छ त्यसमा हुन्छ। सुन्नु निष्क्रियता होइन। यो साँच्चै धेरै तरिकामा एक आत्मिक कार्य हो। यो परमेश्वरले तपाईंलाई दिनुभएको एउटा पवित्र हतियार हो। येशूलाई यो थाहा थियो। याद गर्नुहोस्, कसरी येशूले एउटी महिलालाई इनारमा भेट्नुभयो अनि उहाँले यो प्रश्न सोध्नुभयो।

तिमी के चाहन्छौ?

उहाँले उनको कुरा सुनिरहनुभयो। उहाँले उसलाई सुन्न चाहनुहुन्थ्यो। वास्तवमा त्यो महिलाको बारेमा उहाँलाई सबै कुरा थाह थियो, तापनि उहाँले उसलाई सुन्नुभयो, किनभने उसलाई उहाँले सुनिरहनुभएको छ भनी देखाउन चाहनुहुन्थ्यो।

फेरि, येशूले आफूलाई यस्तो स्थितिमा राख्नुभयो जहाँ के भइरहेको छ भन्ने कुरा उहाँलाई थाहा हुन्छ। तर उहाँले चाहनुभएको कुराचाहिँ त्यो व्यक्तिसँग सम्बन्धको भावना होस् जसद्वारा उसले थाह पाओस् कि उहाँले उसको कुरा सुन्नुको अर्थ उसको वास्ता गर्नुहुन्छ। यदि हामी सञ्चारमा प्रभावकारी हुनु हो भने, यो हामीले बोलेका कुराबाट सुरु हुँदैन। यो हामीले कसरी सुन्छौं त्यसबाट सुरु हुन्छ। यस पाठमा म तपाईंलाई यस्ता केही व्यावहारिक सुझावहरू दिन चाहन्छु जसले तपाईंलाई अझ प्रभावकारी श्रोता साथै प्रभावकारी वक्ता बनाउँदछ।

पहिलो, जब तपाइँ कसैसँग वा दलसँग भेट्दै हुनुहुन्छ, यो थाहा दिनुहोस्, कि तपाईं उनीहरूको कुरा सुन्दै हुनुहुन्छ। "म यहाँ तपाईंको लागि छु," "म सुन्दैछु" जस्ता शब्दहरू प्रयोग गर्नुहोस्। "मलाई बुझ्न सहायता गर्नुहोस्" जस्ता शब्दहरू प्रयोग गर्नुहोस्। यसको बारेमा स्पष्ट हुनुहोस्, कि तपाईंले तिनीहरूलाई सुन्दै हुनुहुन्छ भन्ने कुरामा तिनीहरू सचेत छन्। तपाईंले सही प्रश्नहरू सोध्नुहोस्। तपाईं एउटा प्रश्नद्वारा कुराकानी सुरु गर्नुहोस्, यसले तुरुन्तै थाह गराउँदछ, कि उनीहरूले के भन्न चाहन्छन् त्यसमा तपाईं रुचि राख्नुहुन्छ। तपाईंले भन्नु पर्ने कुरामा मात्र तपाईंलाई चासो छैन। त्यसैले सुरुदेखि नै, यो थाहा दिनुहोस् कि तपाईं तिनीहरूलाई बुझ्न चाहनुहुन्छ र तिनीहरूले तपाईंसँग कुरा गर्दा तिनीहरूले भनिरहेका कुरा सुन्न र बुझ्न चाहनुहुन्छ। कहिलेकहीं

तपाईंले गर्न सक्नुहुने सबैभन्दा राम्रो कुरा तपाईंको पहिलो प्रतिक्रियाको रूपमा प्रश्न हो। किनभने त्यो प्रतिकृयात्मक प्रश्नले तिनीहरूलाई अगि बढ्न सहायता गर्दछ। “अहो, उहाँ जडमा पुग्न चाहनुहुन्छ। उहाँले साँच्चै बुझ्न चाहनुहुन्छ।” यसर्थ, तपाईंले सुन्दै हुनुहुन्छ भनेर उनीहरूलाई थाहा दिनुहोस् अनि अगि बढ्नुहोस्।

एक सञ्चारको रूपमा कुराकानीमा आउने अवरोधहरूलाई बेवास्ता गर्नु र अचाहिँदा कुरालाई हटाउनु धेरै महत्त्वपूर्ण कुरा हो।

जब तपाईं कुराकानीमा हुनुहुन्छ, म तपाईंलाई व्यावहारिक रूपमा एउटा महत्त्वपूर्ण सल्लाह दिन चाहन्छु?

आफ्नो फोन टाढा राख्नुहोस्।

यसलाई साइलेन्ट मोडमा राख्नुहोस्।

यो कस्तो अपमानजनक अनुभव हुन्छ, जब तपाईं एउटा महत्त्वपूर्ण कुराकानीमा संलग्न हुनुहुन्छ जहाँ तपाईंको अगि बसेको व्यक्तिसित आफ्नो हृदय खोलेर सबै कुरा बताउनुहुन्छ, तर त्यो मानिसको ध्यानचाहिँ अन्त कतै हुन्छ। फोनको घण्टी बज्छ र उसले कसले फोन गरेको रहेछ भनेर मोबाइल हेर्छ। उसले फोन उठाएर जवाफ नदिए तापनि तपाईंले एउटा सन्देश अवश्य पाउनुहुन्छ, कि तपाईं उसको निम्ति महत्त्वपूर्ण हुनुहुन्न।

जब तपाईं कसैसँग महत्त्वपूर्ण कुराकानीमा हुनुहुन्छ भने निश्चित गर्नुहोस्, कि तपाईंको फोन टाढा छ।

तेस्रो, अर्को धेरै महत्त्वपूर्ण सल्लाह जसले तपाईंलाई सहायता गर्नेछ त्यो हो तपाईंले सुन्नुको उद्देश्य बुझ्नका लागि हो। तपाईंले बुझ्नु पर्ने हुन्छ, कि त्यो समय तपाईंको होइन। तपाईंले तर्क जित्नका लागि जवाफ दिन सक्षम हुनका लागि सुन्नुभएको छैन। जवाफ दिनका लागि मात्र पनि तपाईंले सुन्नुभएको होइन। तपाई बुझ्नका लागि सुन्दै हुनुहुन्छ यसरी उनीहरूलाई थाह गराउनुहुन्छ, कि उनीहरूलाई बुझ्दै हुनुहुन्छ र उनीहरूसँग जोडिँदै हुनुहुन्छ। त्यसैले यो साँच्चै महत्त्वपूर्ण हुन्छ कि तपाईंले सुरुदेखि नै सल्लाह दिनुहुन्न। यदि तपाईं वार्तालापमा हुनुहुन्छ र कोही तपाईंसँग कुरा गर्दै हुनुहुन्छ भने, तपाईंले तिनीहरूलाई के गर्ने भनेर तुरुन्तै बताउन अघि कुराकानीलाई केही मिनेट जान दिनुहोस्। शुरुमै निर्देशन नदिनुहोस्, किनभने त्यसले तपाईंको “मलाई तपाईंको वास्ता छ र मैले तपाईंलाई साँच्चै सुन्दैछु” भन्ने भावनालाई दर्शाउँदैन। तर यसले यस्तो सन्देश दिँदछ, “तपाईंले के गर्न खोजेको मैले बुझेँ, यहाँ, म तपाईंलाई के गर्नुपर्छ सल्लाह दिन्छु।” त्यसपछि तपाईं चाँडो अगि बढ्नुहुन्छ।

येशूले निर्देशनहरू दिनुभयो, तर उहाँले त्यसो गर्नु अघि, सुन्नुभयो र उहाँले निर्देशन दिइरहेका मानिसहरूले त्यो बुझे या बुझेनन् सो सुनिश्चित गर्नुभयो। त्यसैले तुरुन्तै निर्देशन दिने परीक्षाबाट होशियार हुनुहोस्। कहिलेकहीँ हामी यत्ति निश्चित हुन्छौं, कि उनीहरूले के गर्नुपर्छ भन्ने हामीलाई पहिले नै थाहा हुन्छ। तिनीहरूले भन्दै गरेको कुरा पूरा भएकै हुँदैन, हामीले तिनीहरूलाई बिचमै रोकेर निर्देशन दिन्छौं।

यसले वास्तव मै उनीहरूले भनेको कुराको मूल्यलाई कम गर्दछ। अब, कतिचोटि कति मानिसहरूले कुराकानी टुप्पो न फेदको गर्छन् अनि कुरालाई लामो तन्काउँछन्। यस्तो स्थितिमा, तपाईंले त्यो वार्तालापको प्रवाहलाई व्यवस्थित गर्न सहायता गर्न सक्ने तरिका भनेको एउटा यस्तो प्रश्न हो जसद्वारा तपाईंले वार्तालापलाई मुख्य मुद्दामा फर्काउन सक्नुहुन्छ। तपाईंले प्रतिक्रिया दिन सक्ने ठाउँ खोज्नुहोस्। तर सुनिश्चित गर्नुहोस्, कि जब तपाईं सुन्न थाल्नुहुन्छ, तुरन्तै सच्याउने अथवा निर्देशन गर्ने काम गरी नहाल्नुहोस्। वास्तवमा तपाईंको सुरुवात यस्तो हुनपर्छ, “म सुनेर यी मानिसहरूलाई उनीहरूप्रतिको मेरो वास्ता प्रकट गर्छु र हाम्रो कुराकानीको अर्को चरणमा जानु अघि उनीहरूसँग जोडिन चाहन्छु।”

यहाँ सुन्ने कलाको सन्दर्भमा तपाईंको लागि अर्को सल्लाह छ जसले तपाईंलाई अझ असल सञ्चारकर्ता बनाउनेछ।

तिनीहरू जुन अवस्थामा छन् त्यही अवस्थामा तिनीहरूलाई स्वीकार्नुहोस्। तपाईंले मलाई सुन्नुभएको छ अथवा बुझ्दैहुनुहुन्छ भनी देखाउन सक्ने सबैभन्दा राम्रो तरिका हो, म जहाँ छु त्यहीं स्वीकार्न सक्नु। यदि तपाईंले यस्तो भन्नुभयो, "अहो, तपाईंलाई दु:खी हुनु आवश्यक छैन" यसले वास्तवमा मेरा भावनाहरूमा के भइरहेको छ भन्ने वास्तविकतालाई अस्वीकार गर्दै गरेको हुन्छ।

प्राय: हामीले अगुवाको रूपमा, मानिसहरूलाई हृदयको इमानदारितामा भनिरहेका हुन्छौं, "यसको बारेमा चिन्ता नगर्नुहोस्।"

तर वास्तवमा तिनीहरू पहिले नै यसको बारेमा चिन्तित छन्।

र तिनीहरूले के महसुस गर्नेछन् भने, "तपाईंले मलाई वास्तवमै सुन्नुभएन।" किनकि हामीले चाँडै केही कुरा बाहिर फ्याँकिरहेका छौं जसले उनीहरूको भावनात्मक स्थितिलाई नकार्दछ। तिनीहरू कहाँ छन् भनेर हामीले बुझ्नुपर्छ। यदि हामी तिनीहरूलाई अगाडि बढ्न सहायता गर्न जाँदैछौं भने, हामीले तिनीहरूको हालको अवस्था के हो भनेर पुष्टि गर्नुपर्छ र यसले उनीहरूलाई अझ राम्रोसँग सुन्न सहायता गर्नेछ। त्यसैले तिनीहरू कहाँ छन् भन्ने मौखिक रूपमा प्रमाणीकरण गरेर तपाईंले तिनीहरूलाई बुझ्नुभएको निश्चित गर्नुहोस्। तपाईंले उनीहरूसित उनीहरूका डरका बारे कुरा गर्न सक्नुहुन्छ। "ओह, तपाईं डराउनु पर्दैन" अथवा बाइबल पद मात्र उद्धृत गर्नुको सट्टा, तपाईंले तिनीहरूलाई सोध्न सक्नुहुन्छ, "तपाईं किन डराउँनुहुन्छ? यसले त्यो कुरालाई मान्यता गर्न सहायता गर्दछ। यो सबै यसरी तयार गरिएको कारण चाहिँ, ताकि तपाईं र तिनीहरू बीच अर्थपूर्ण सम्वाद होस् जहाँ तपाईंले उनीहरूमा बढी प्रभाव पार्नुहुनेछ। मानिसहरूलाई थाहा हुनु आवश्यक छ कि तिनीहरूका कुरा पहिले सुनाइभएको छ, यदि हामी वास्तवमा उनीहरूले हाम्रा कुरा सुन्ने आशा गर्दछौं भने।

यदि तपाईंले वास्तवमा सुझबुझ र प्रभावकारी ढंगमा उनीहरूलाई सुन्न चाहनुहुन्छ भने यहाँ अर्को टीप छ।

तपाईंलाई थाहा छ, हामी कहिलेकहीँ कानले सुन्छौं र हामी हाम्रो दिमागले पनि सुनिरहेका हुन्छौं। हामी उनीहरूको शरीरको हावभाव हेरेर सुन्छौं। हामीले सुन्ने यी सबै फरक तरिकाहरू छन्। तपाईंले "सहानुभूतिसाथ" उनीहरूका कुरा सुन्नुपर्छ। आफूलाई उनीहरूको स्थितिमा राख्ने प्रयास गर्न तपाईंले ध्यानपूर्वक हृदयको साथ सुन्नुपर्छ। पूर्वधारणा विचारहरूका साथ तपाईंले सुन्नुहुँदैन।

कहिलेकहीँ हामी अगुवाको रूपमा कुराकानी गर्न बस्छौं र सबैले सुन्न थाल्छन्। हुन सक्छ, त्यस समय तिनीहरूले के भनिरहेका छन् भन्ने कुरामा मसँग केही पूर्वकल्पित विचारहरू छन्। तिनीहरूले कसरी शब्दको प्रयोग गर्दैछन् भनेर मैले आफ्नै प्रकारले बुझ्नुको सट्टा मैले एउटा प्रश्न सोध्नु आवश्यक छ ताकि मैले बुझ्न सकूँ कि तिनीहरूले त्यो शब्दको प्रयोगले वास्तवमा के अर्थ राख्छ? उदाहरणत: "म साँच्चै जलेर भष्म भएँ" यसलाई बुझ्नका निम्ति तपाईंले प्रश्न गर्नपर्ने हुन्छ।

यो शब्द प्रयोग गर्दा तिनीहरूले साँच्चै कस्तो महसुस गर्दैछन्?बुझ्ने कोसिस गर्नुहोस्।

सुनिश्चित गर्नुहोस्, कि जब तपाईं सुन्दै हुनुहुन्छ, तपाईंको दिमागले पनि तपाईं सुन्दै हुनुहुन्छ। तुरुन्तै निर्णयको लागि दौड नगर्नुहोस्, चाहे त्यो राम्रो निर्णय होस वा खराब निर्णय। किनभने के हुन्छ भने उनीहरूले बोल्दै गर्दा तपाईंको दिमागले ती कुरालाई चाल्न थाल्छ र उनीहरूले बोल्न बन्द गर्नअघि नै तपाईंले निष्कर्ष र निर्णयहरू निकाल्न सुरु गर्नुहुनेछ। तपाईं कुरा गर्न आफ्नो पालोका लागि आफैलाई तयार गर्दै हुनुहुन्छ, तर तपाईंले उनीहरूका कुरा समानुभूतिपूर्वक सुनिरहनुभएको छैन। तपाईंले समग्र रूपमा सुनिरहनुभएको छैन।

जब तपाईं पहिलो चरणको सुन्ने खुडकिलो परमेश्वरको तरिकामा पार गर्नुहुन्छ, तब उहाँले तपाईंलाई भन्नका लागि शब्दहरू दिनुहुनेछ। तर यो महत्त्वपूर्ण छ कि हामीले हाम्रो दिमागलाई अनुशासनमा राखेर हामी सुनिरहेका हुन्छौं। हामी वास्तवमै तिनीहरूको बारेमा पूर्वाधारित विचारहरू वा निर्णयहरूमा दौडिरहेका हुँदैनौं, तर हामी समानुभूतिपूर्वक सुनिरहेका छौं।

यसले अर्को सुझाव दिन्छ। जब तपाईं सुन्नुहुन्छ, खुला दिमागले सुन्नुहोस्। हाम्रा पूर्वाग्रहहरूलाई सुन्ने चरणमा पनि ल्याउन हामीलाई यो धेरै सजिलो छ। सामान्यतया जब तपाईं कसैसँग गहिरो स्तरमा कुराकानी गर्नुहुन्छ भने परमेश्वरको तरिकामा सुन्न आवश्यक छ। तपाईंले यसरी जान्नुहुनेछ कि तिनीहरू को हुन्। निश्चय यो तिनीहरूसँगको तपाईंको पहिलो अनुभव होइन। र किनभने तपाईंलाई थाहा छ कि तिनीहरू को हुन् यो तपाईंको पहिलो अनुभव होइन, प्रायः तपाईसँग पूर्वाग्रह हुनेछ जुन तपाईंले कुराकानीमा ल्याउने सम्भावना हुन्छ। अरू कसैले तपाईंलाई भन्नुभएको हुन सक्छ, “अहो, यो व्यक्ति यस कारणले तपाईंसँग भेट्न चाहन्छ।”। पहिले नै तपाईंको हृदय र दिमागमा पसेका कुराले तपाईंलाई पूर्वाग्राही नबनाऊन् भनी तपाईंले कसैको कुरा सुन्नुहुन्छ, तपाईंसँग सुन्नको त्यो क्षण हुनु अघि, प्रभुलाई प्रार्थना गर्नुहोस्।

हे परमेश्वर, मलाई खुल्ला दिमाग दिनुहोस्।

पवित्र आत्मा, मलाई यो व्यक्ति र उनीहरूले के भन्न खोजिरहेका छन्,सुन्न सहायता गर्नुहोस्। मलाई तिनीहरूलाई बुझ्न सहायता गर्नुहोस्, ताकि म तिनीहरूको अनुसार प्रतिक्रिया दिन सकूँ। कतिपयलाई सच्याउन आवश्यक छ। कसैलाई प्रोत्साहन चाहिन्छ। केहीलाई निर्देशन चाहिन्छ।

तपाईंको विश्वासीलाई अगुवाको रूपमा तपाईंबाट विभिन्न प्रकारका प्रतिक्रियाहरू चाहिन्छ। हामीलाई सही प्रकारको प्रतिक्रिया कहिले थाहा हुँदैन। यदि हामीसँग पवित्र सुन्नको त्यो क्षण नभएको भए, र हामीले प्रतिक्रिया दिने शब्दहरू मात्र होइन, यो आत्मा हो जसद्वारा हामीले प्रतिक्रिया दिन्छौं। कहिलेकहीँ हामीले अनुग्रहको साथ जवाफ दिन पर्छ भने, कहिलेकहीँ अलि कडा पनि हुनपर्छ।

मलाई कसरी प्रतिक्रिया दिने थाहा छ? मैले विश्वास गर्नुपर्दछ कि पवित्र आत्माले मलाई स्पष्ट रूपमा सुन्न सहायता गर्नुहुनेछ र मसँग खुला दिमाग हुनेछ। मैले अगुवाहरूसँग बारम्बार भेट्ने एउटा कुरा यो हो कि उनीहरूले कसैको कुरा सुन्दा उनीहरूले जवाफ दिनुपर्ने हुन्छ, जब त्यो व्यक्ति उनीहरूसँग कुरा गरिरहेको हुन्छ, उनीहरूले कसरी प्रतिक्रिया दिने भनेर उनीहरूको दिमागमा रिहर्सल गर्न थाल्छ। कहिलेकहीँ ती अगुवाहरूले बैठक सुरु हुनु अघि नै उनीहरूले कसरी प्रतिक्रिया दिने भनेर अभ्यास गर्छन्।

यदि तपाईं बैठकमा जानुहुन्छ र तपाईं कसैको प्रतिक्रियामा के भन्न जाँदैहुनुहुन्छ भनेर पहिले नै पूर्वाभ्यास गरिसक्नुभएको छ भने, तपाईं कहिल्यै, तिनीहरूलाई साँचो रूपमा सुन्न सक्षम हुनुहुनेछैन। उनीहरूको कुरा सुनेर उनीहरूको सम्मान गर्नु मात्रै होइन, तिनीहरूले तपाईंलाई सुन्न सक्ने तरिकामा प्रभाव पार्नका लागि सबैभन्दा प्रभावकारी तरिकामा परमेश्वरले तपाईंलाई प्रयोग गरून् भन्ने चाहन्छन्।

तपाईंले सुन्ने क्षमतामा साँच्चै बढ्दैजाँदा विचार गर्नको लागि यहाँ एउटा अन्तिम सल्लाह छ।

हामीले यो पहिले उल्लेख गरेका छौं तर यसले थप ध्यान माग्छ र त्यो वास्तवमै राम्रो प्रश्नहरू सोध्न सिक्नुहोस्।

उदाहरणका लागि, खुला समाप्त प्रश्नहरू हुन्, जसको जवाफ हो वा होइन मा दिइन सकिँदैन। जब तपाईं एक प्रश्न सोध्नुहुन्छ जुन हो वा होइन मा जवाफ दिन सकिन्छ, तपाईं वास्तवमा त्यो व्यक्तिलाई भन्दै हुनुहुन्छ, “म तपाईंबाट केवल एक शब्द चाहन्छु। तर यदि तपाईंले एउटा प्रश्न सोध्नुभयो जसको जवाफ हो वा होइन,त्यो

खुला समाप्त प्रश्न, त्यसपछि तपाईं कुराकानी सुरु गर्न जाँदै हुनुहुन्छ। एक बन्द समाप्त प्रश्न, त्यो प्रश्न हो जसको जवाफ हो वा होइन मा मात्र दिन सकिन्छ। तपाईंले उठाउनुभएका प्रश्नहरूको सूची बनाउनुहोस् अनि तयारीको साथ आउनुहोस्। म कसैसँग कुराकानीमा आउन सक्छु। म तिनीहरूलाई राम्ररी सुन्न जाँदैछु। म तिनीहरूलाई समग्र रूपमा सुन्न जाँदैछु।

म ती प्रश्नहरू सोध्न जाँदैछु जुन खुल्ला छन्, जहाँ तिनीहरूले हो वा होइन मा जवाफ दिन सक्दैनन्, तर यसको पूर्ण जवाफ चाहिन्छ। तिनीहरूले एउटा प्रश्नको जवाफ दिँदै गर्दा, म तिनीहरूलाई कहिल्यै अवरोध गर्ने छैन। मेरो प्रश्नको बिन्दु गहिरो खन्नु हो, तिनीहरूलाई जवाफ दिएर बुझ्न सहायता गर्नु हो। त्यसोभए कहिलेकहीँ जब म कुराकानीमा छु र कसैले मसँग उनीहरूको डरको बारेमा कुरा गरिरहेको हुन्छ, म एउटा प्रश्न सोध्छु जुन मलाई थाहा छ कि उनीहरूले यसको बारेमा अझ गहिरो सोच्न आवश्यक छ। तपाईंले धर्मशास्त्र पढ्नुभयो र डर नराख्ने कुरा सुन्नुभयो र अझै पनि डर बाँकी रहँदा तपाईंलाई कस्तो लाग्छ? यसले तपाईंलाई कस्तो महसुस गराउँछ? अचानक त्यो व्यक्तिले आफूलाई परमेश्वरमा भरोसा गर्न अयोग्य महसुस गरेको बारेमा कुरा गर्न थाल्छ। यसबाट जे पनि परिणाम निस्कन सक्छ। अब एक अगुवाको रूपमा, म उनीहरूको आवश्यकतालाई लक्षित गर्ने तरिकामा उनीहरूसँग संवाद गर्न सुरु गर्न सक्छु। "अहो, तिमीलाई थाहा छ, नडराऊ" भनेर म फटाफट म अघि बढ्दिनँ।

तर म तिनीहरूलाई यसैकारण सुन्दैछु, ताकि तिनीहरूलाई मैले मार्गनिर्देशन गर्न सकूँ। येशू एक अद्भुत श्रोता हुनुहुन्थ्यो। कहिलेकहीँ उहाँले सुन्दै गर्दा मानिसहरूलाई थाहा हुँदैन थियो, कि उहाँले वास्तामा सबै कुरा सुन्दै हुनुहुन्छ। उहाँका निम्ति सुन्नु अत्यन्त महत्त्वपूर्ण कुरा थियो। एक अगुवाको रूपमा तपाईंलाई मेरो प्रोत्साहन छ कि सञ्चारलाई एक प्राथमिक औजारको रूपमा प्रयोग गर्नुहोस् जुन तपाईंको औजार बक्समा सदैव रहोस्। यसद्वारा तपाईंले मानिसहरूलाई प्रभाव पार्न र मार्गनिर्देशन गर्नमा सक्षम हुनुहुनेछ। तर विशेष गरी ती घनिष्ठ वार्तालापमा, एकएक वा तपाईंको दलसँग समूहको रूपमा, सुन्ने पवित्र कला नै वास्तवमा उत्कृष्ट हो।

यी सुझावहरू लिनुहोस्, यो थाहा दिनुहोस् कि तपाईं सुन्दैहुनुहुन्छ, अलमल्याउनेहरूलाई बेवास्ता गर्नुहोस्, फोन बन्द गर्नुहोस, वार्तालाप तपाईंको बारेमा नबनाउनुहोस्, निष्कर्षमा एकैचोटि नपुग्नुहोस्, तिनीहरूलाई छिटो निर्देशन दिएर दिशा अवरोध नगर्नुहोस्, तिनीहरू कहाँ छन् भनेर निश्चयता गर्नुहोस्, र त्यसपछि यसलाई थप अन्वेषण र बुझ्नका लागि राम्रा प्रश्नहरू सोध्दै जानुहोस्। सहानुभूतिपूर्वक सुन्नुहोस् ताकि तपाईंसँग पूर्व कल्पित विचारहरू छैनन् भन्ने कुरा निश्चित होस्। उनीहरूले शब्दहरू कसरी प्रयोग गरिरहेका छन् भनेर बुझ्नका निम्ति खुला दिमागको लागि परमेश्वरलाई प्रार्थना गर्नुहोस्। यी सबैले तपाईंलाई त्यो स्थानमा राख्नेछ जहाँ तपाईंले पवित्र आत्माले गहिरो अन्तर्दृष्टि र ठूलो समझ दिनुहुनेछ भन्ने कुरा बुझ्नुहुनेछ र त्यसबाट तपाईं त्यस व्यक्तिलाई जवाफ दिन अझ राम्रोसँग सुसज्जित हुनुहुनेछ जसरी येशूले इनारमा स्त्रीलाई जवाफ दिनुभयो।

सुन्नुहोस्, अनि त्यसपछि तपाईंले थाहा पाउनुहुनेछ कि कसरी उनीहरूको आवश्यकतालाई तपाईंले उत्कृष्ट तरिकामा सञ्चारद्वारा पुरा गर्नुहुनेछ।